
# लेखापरीक्षण प्रतिवेदन

# भोजपुर

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१ | जिल्ला विकास समितिको कार्यालय | ३ |
| ३.२ | जिल्ला स्वास्थ्य कार्यालय | ८ |
| ३.३ | जिल्ला शिक्षा कार्यालय | ११ |
| ३.४ | मालपोत कार्यालय | १४ |
| ३.५ | भोजपुर वहुमुखी क्याम्पस | १४ |
| ३.६ | सिचाई विकास डिभिजन | १५ |
| ३.७ | स्थानीय विकास कोषको सचिवालय | १८ |
| ३.८ | शैक्षिक तालिम केन्द्र | १८ |
| ४ | आन्तरिक लेखापरीक्षण | १९ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | २० |
| अनुसूची २ : | बेरुजूको स्थिति | २१ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | २२ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | २३ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ८ कार्यालयको विस्तृत र २८ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

## लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ३६ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.३ अर्ब २९ करोड ७२ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष १४ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १३९ र रु १२ करोड २२ लाख ९९ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म बेरुजू फछ्र्यौट हुने प्रमाण सहितको प्रतिक्रिया प्राप्त भएन। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका ५२ दफा मिलान गरी बाँकी दफा ८७ कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.३६ लाख ८५ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.१३ लाख १९ हजार, अनियमित रु.८ करोड ८९ लाख ८ हजार र पेश्की रु.३ करोड २० लाख ७२ हजार रहेको छ। यस सम्वन्धी विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जिल्ला विकास समितिको कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । तर कार्यालयले मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गर्न वांकी रहेको, जिन्सी निरीक्षणबाट औल्याएका व्यहोराहरु कार्यान्वयन नगरेको, कार्यालय आयोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नंबर राखि भुक्तानी भएको जनाउने छाप नलगाई भुक्तानी गरेको, मौजुदा सूची तयार गरी सो अनुसार खरीद नगरेको, आफूले अख्तियारी दिएको कार्यालयको आर्थिक कारोबारको कम्तिमा वर्षको १(एक) पटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउं विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सम्बन्धित मन्त्रालय तथा स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्नेमा नगरेको, खरिद योजना बनाई खरिद नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ । सुझाव कार्यान्वयन गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

२. **बैंक हिसाव विवरण** : आ.व.को अन्त्यमा स्रेस्ता अनुसार रु.२ करोड ८७ लाख २० हजार मौज्दात देखाएकोमा त्यसको विवरण सहित वैंक स्टेटमेन्ट पेश नगरेकाले मौज्दात यकिन हुन सकेन । वैंक स्टेटमेन्ट पेश गर्नुपर्दछ ।

३. **चौमासिक खर्च** : कार्यालयले कुल पूंजिगत खर्च मध्ये रु.५ करोड ३० लाख (७३.२४ प्रतिशत) तेश्रो चौमासिक रु.२ करोड ६५ लाख (५० प्रतिशत) आषाढ महिनामा खर्च भएको छ । समानुपातिक किसिमले कार्यक्रम बमोजिम समयमै खर्च गर्नुपर्दछ ।

४. **ठेक्का बन्दोबस्त** : आर्थिक कार्याविधि नियमावली २०६४ को नियम २० को उपनियम ३ अनुसार लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने, कार्य प्रथम चौमासिक अवधि भित्र सम्पन्न गरी सक्नुपर्ने व्यवस्था रहेकोमा चालु वर्ष ३६ वटा ठेक्का तेश्रो चौमासिकमा बन्दोबस्त गरेको छ । नियमानुसार प्रथम चौमासिकमा ठेक्का बन्दोबस्त गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

५. **अनुसूचीहरुको प्रयोग :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६०(१) वमोजिम विभिन्न किसिमका अनुसूची फारामहरु राख्नु पर्ने व्यवस्था छ । कार्यालयले तोकिएका अनुसूचीहरु ११, १२, ४५, ६४, ७२ र ७६ प्रयोगमा नआएको व्यहोरा गतवर्षको प्रतिवेदनमा समेत उल्लेख गरेकोमा त्यसमा सुधार भएको पाइएन । आर्थिक कारोवारको पारदर्शीता र अभिलेख व्यवस्थापनको लागि तोकिएका निर्दिष्ट फारामहरुको प्रयोग गर्नुपर्दछ। सुझाव अनुसार अनुसूचीको प्रयोग गरिने कार्यालयले जनाएको छ ।

६. **अनुगमन** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ५४ अनुसार गाउं विकास समितिको कोषबाट खर्च हुने रकमलाई बढी उपलब्धिमूलक र व्यवस्थित गर्न तथा आर्थिक अनुशासन कायम गराउन वार्षिक कार्यक्रम र बजेट अनुसार गाउं विकास समितिबाट काम कारबाही नभएमा सो अनुरुप गर्न आवश्यक निर्देशन दिन सक्ने, गाउं विकास समितिमा जाने गरी सिफारिस गरिएको रकमको आम्दानी खर्चको हिसाब राख्ने, गाउं विकास समितिमा निकासा हुने रकमको नियमित अनुगमन गरी आर्थिक नियन्त्रण र अनुशासन कायम गर्ने व्यवस्था भएपनि कार्यालयले तदनुसार गरेको छैन । नियमको पालना गरी आर्थिक अनुशासन कायम गर्नु पर्दछ ।

७. **पेस्की वांकी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ अनुसार २०७१।७२ सम्मको कूल पेस्की रु. ३ करोड ९० लाख ११ हजार रहेकोमा रु.२ करोड १३ लाख १४ हजार फछ्र्यौट भई रु. १ करोड ७६ लाख ९७ हजार बांकी रहेको र २०७२।७३ मा थप भएको रु.२४ लाख ६७ हजार समेत आर्थिक वर्षको अन्तसम्ममा रु.२ करोड ०१ लाख ६४ हजार पेस्की वांकी रहेको छ। उक्त पेस्की रकम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १२१ बमोजिम फछ्र्यौट गर्नुपर्दछ।

८. **पर्यटन पूर्वाधार विकास कार्यक्रम** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ बमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकर गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले एक निर्माण सेवा लाई मन्दिर निर्माण वापत कार्य स्वीकार वेगर रु.१५ लाख ८२ हजार भुक्तानी गरेकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नुपर्दछ।

९. **सामाजिक सुरक्षा कार्यक्रम** : भोजपुर जिल्ला स्थित ५४ गा.वि.स. र २ नगरपालिकाको सामाजिक सुरक्षा र अन्य सामाजिक सहायताको लागि रु.१४ करोड ६३ लाख ६९ हजार बजेट विनियोजन भएकोमा रु.१३ करोड २७ लाख ४२ हजार निकासा भएको मध्ये रु.१४ करोड १४ लाख ३९हजार खर्च भई गा.वि.स.बाट फिर्ता भएको रु.१३ लाख ४३ हजार खातामा मौज्दात रहेकोमा लेखापरीक्षणको समयमा राजस्वमा दाखिला भएको छ। बढी निकासा भएका गा.वि.हरु मध्ये पाचौ र दशौ स्थानमा पर्ने क्रमशः नेपालेडाडा र देउराली गाउ विकास समितिको सामाजिक सुरक्षा भत्ता वितरण भरपाई नमूना परीक्षण गर्दा कुनै कैफियत देखिन नआएकोले त्यसैको आधारमा सामाजिक सुरक्षा कार्यक्रमको लेखापरीक्षण सम्पन्न गरिएको छ। भरपर्दो तथ्यांक तथा लगत वेगर निकासा दिदा रकम फिर्ता भएको देखिदा सामाजिक सुरक्षाको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१०. **गाउं विकास समिति अनुदान** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा गाउं विकास समितिमा अनुदान गएको रकममध्ये भुक्तानी गर्नुपर्ने रकम भुक्तानी दिई बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। कार्यालयले जिल्ला स्थित ५४ गा.वि.स.हरुलाई रु.१२ करोड ३१ लाख ६५हजार गा.वि.स.अनुदान निकासा दिएकोमा आर्थिक वर्ष २०७२।७३ मा गाउं विकास समितिहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छैन। खर्च भै वांकी रहेको रकम एकिन गरी फ्रिज गराउनु पर्दछ।

११ **दररेट** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै लागु हुने गरी निर्माण सामाग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला समेतलाई मध्यनजर गरी दररेट निर्धारण गर्ने व्यवस्था छ। कार्यालयले निर्माण कार्य गरेका योजनामा लगत इष्टिमेट गर्दा फरक फरक रेटमा कामको प्रकृति अनुसार लागत इष्टिमेट तयार नगरी कुल कामको प्रतिशतको हिसावमा लगत इष्टिमेट तयार गरेको छ। कामको प्रकृति अनुसार डिटेल इष्टिमेट नगरी लमसमको आधारमा परिमाण राख्ने गरेको देखिदा डिटेल इष्टिमेट वास्तविकतामा आधारित भएको देखिएन। उल्लेखित विषयमा प्राविधिकसंग थप छलफल गरी नियमानुसार कार्यान्वयन गरिने कार्यालय जनाएको छ।

११.१ जिल्ला विकास समिति भोजपुरले ठूला मेशिन तथा भारी उपकरण संचालन नीति २०७१ पारित गरी ४ सदस्यीय प्राविधिक समितिको सिफारिसमा कुन कुन कार्यमा एक्साभेटरको प्रयोग गर्ने हो त्यसको एकिन गर्ने भनि तोकेको छ। तर समितिले कामको वर्गिकरण गरी कुन कुन कार्यमा एक्साभेटरको प्रयोग गर्ने हो त्यसको निक्र्यौल नगरेकोले ठूला मेशिन तथा भारी उपकरण संचालन नीति २०७१ पारित गरे बमोजिम एक्साभेटरको प्रयोग गर्ने गरी सम्झौता तथा कार्यान्वयन

गरेकोछैन । समितिसंग छलफल गरेर कामको वर्गिकरण गरी आवश्यकता अनुसार एक्साभेटरको प्रयोग गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

१२. **स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुच :** पिखुवाखोला र महाविरखोला मोटरेवल पुल निर्माणको लागि आ.व.२०७१।७२ मा बोलपत्र आव्हान गरिएकोमा महावीरखोला पुलको निर्माण व्यवसायीले पुलको सर्भे गर्दा फाउण्डेशन लेभल फिल्डमा वेस लेभल भन्दा ५० से.मी.तलमात्र भरिएको, ड्इंगमा पुलको लम्वाई ८.२ मी. भएको तर फिल्डमा लम्वाई नपुग्ने भएको भनि निवेदन दिएपछि कार्यालयले स्थानीय सडक पुल सहयोग इकाई (एल.आ.पि.एस.यु.) ललितपुरमा प्राविधिक परामर्शको लागि २०७३।३।७ मा पत्राचार गरेकोमा जवाफ प्राप्त भएको देखिएन । सम्झौता बमोजिम म्याद समेत सकिएकोमा पुलको काम शुरु भएको छैन । ठेकेदारको नाउमा रु.१३ लाख पेस्की वांकी रहेकोले अन्योलको अवस्थामा रहेको छ । छानविन गरी पुल निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१२.१ संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट अख्तियारी कार्यान्वयन सम्बन्धी निर्देशनको क्रमसंख्या ९ मा क्रमागत निर्माणको लागि विनियोजीत रकमबाट निर्माणाधीन पुलको कार्यसम्पादन नहुने भएमा दोश्रो चौमासिक भित्र नै थप रकम एकिन गरी काम गर्नुपर्ने उल्लेख छ । त्यसैगरी सि.नं.५ मा सशर्त अनुदान अन्तरगत खर्च गरिएका इकाइहरुको निर्धारित ढांचामा पुलगत रुपमा भौतिक प्रगति विवरण तथा खर्चको फांटवारी प्रत्येक महिनाको ५ गते भित्र स्थानीय पुल शाखा, डोलीडारमा पठाउनुपर्नेमा त्यस प्रकारबाट भौतिक प्रगति अभिलेख अद्यावधिक गरि राखेको नदेखिदा नियमानुसार रकम विनियोजन गरी भौतिक अभिलेखको प्रगति विवरण अद्यावधिक गर्नुपर्दछ ।

१२.२ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । ठेकेदार लाई प्रथम विल वापत रु.१ करोड १२ लाख ६४ हजार खर्च लेख्दा विमा वापतको रु.३ लाख ०४ हजार समेत समावेश गरी भुक्तानी दिएकोमा विमा गरेको प्रमाण, प्रिमीयम तिरेको रसिद समेत संलग्न भएको नदेखिदा उक्त रकम असुल गर्नुपर्दछ ।

१३. **साना सिचाई तथा पूर्वाधार कार्यक्रम :** २३ औं जिल्ला परिषदले साना सिचाईतर्फ पारित गरेका योजना मध्ये मन्त्रालयबाट स्वीकृत कार्यक्रममा परिषदबाट पारित ८ मध्ये ४ वटा योजना समावेश गरेको छ । तर ५ वटा माग नै नभएका योजना समावेश गरी पठाएकोमा उल्लेखित व्यवस्था अनुसार कारण र पुष्ट्याई समेत खुलाएको नदेखिदा उक्त योजनाहरुको कार्यान्वयन प्रकृया स्थानीय स्वायत्त शासन ऐन नियमविपरित छ । उल्लेखित सुझाव बमोजिम परिषदबाट पारित योजना कार्यान्वयन गराउन प्रयास गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

१४. **ग्रामिण खानेपानी :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद ४(३०) बमोजिम १५ प्रतिशतमा कम नहुने गरी जनसहभागिता निर्धारण गर्नुपर्ने व्यवस्था छ । आ.व. २०७२।७३ मा संचालित ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तरगत १६ कार्यक्रम संचालन भएको मध्ये ३ वटा खानेपानी योजनामा उपभोक्ताको लागत सहभागिता भएको नदेखिदा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि अनुसार तोकिए बमोजिमको लागत सहभागिता गराई योजना कार्यान्वयन गर्नुपर्दछ ।

१४.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ अनुसार सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरे पछि भुक्तानी दिनुपर्नेमा ३ वटा क्रमागत खानेपानी योजनालाई पाइप खरिद वापत रु.५ लाख ३८ हजार भुक्तानी दिई पाइप खरिदको मात्र कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छ । उक्त पाइपहरु सम्बन्धित योजनामा प्रयोग भएको समेत देखिने

गरी उपभोक्ताको अंश समेत समावेश गरी कार्य स्वीकार प्रतिवेदन पेश गर्नुपर्दछ । क्रमागत योजना भएकोले प्रयोग गरी प्रमाण पेश गरिने कार्यालयले जनाएको छ ।

१४.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ अनुसार सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरे पछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७२।७३ को खानेपानी तथा सरसफाई कार्यक्रमबाट सार्वजनिक शौचालय तथा सेफ्टी ट्याँकी निर्माणको लागि एक समितिको खातामा रु.३ लाख ७६ हजार जम्मा गरेकोमा कुल मूल्यांकन रु.७ लाख ६२ हजारमध्ये उपभोक्ता समितिको योगदान रु.१ लाख ८१ हजार नगरपालिकाकोतर्फबाट व्यहोरिएको रु.२ लाख समेत कट्टा गरी बांकी रहेको रु.३ लाख ७६ हजार जिल्ला विकास समितिले व्यहोरेको सम्झौतामा उल्लेख छ। उक्त कामको एकिकृत मूल्यांकन गरी कार्य स्वीकार प्रतिवेदन पेश नभएकोले सम्झौता अनुसारको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । एकिकृत कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

१५. **निर्वाचन क्षेत्र विकास कार्यक्रम :** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यहरुको नियम ६ अनुसार नदी गल्छी तथा पहिरो नियन्त्रण एवं सिचाई सम्बन्धी तथा सडक र खानेपानी जस्ता पूर्वाधारमा लगानी गर्नुपर्ने व्यवस्था छ । यो कार्यक्रम तर्फ २०७२।७३ मा रु.४ करोड २० लाख बजेट विनियोजन भएकोमा रु.३ करोड ८५ लाख ९३ हजार खर्च भएको छ । उक्त कार्यक्रमबाट तालिम, महिला क्षमता विकास, सोलार खरिद, क्याम्पसको इतिहास छपाई तथा प्रकाशन र व्याडमिन्टन कवर्डहल निर्माण जस्ता नियमित तथा क्रमागत कार्यक्रममा निर्देशिका विपरित खर्च गरेको छ। नियमानुसार निर्देशिका अनुसार कार्यक्रम छनौट तथा कार्यान्वयन गर्नुपर्दछ ।

निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम बमोजिम आयोजना छनौट र बजेट विनियोजन गर्दा सोही आर्थिक वर्षमा सम्पन्न हुने गरी बजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ। तर सदरमुकाम स्थिति कोदार खेल मैदानको गुरुयोजना तयारी र मैदान निर्माणको लागि छुट्टाछुट्टै सम्झौता गरी रु.८ लाख ४६ हजार भुक्तानी दिएकोमा खेलमैदान निर्माण गर्न ग्याबियनको वाल लगाएकोमा अधुरो रहेको छ भने गुरु योजना तयारी कार्य गरेको छैन। आर्थिक वर्ष भित्रै सम्पन्न नहुने कार्यमा लगानी गर्दा निर्देशिका विपरित खर्च भएकोले निर्देशिका बमोजिम सोही आर्थिक वर्ष भित्र सम्पन्न हुन सक्ने योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

**आयतर्फ :**

१६. जिल्ला विकास कोषतर्फ आर्थिक विवरण अनुसार आ.व. २०७२।७३ को लागि रु.७९ लाख ३३ हजारको अनुमानित आयको प्रक्षेपण गरिएकोमा रु.४५ लाख ८० हजार प्राप्तभै अनुमान रकमको ५७.७३ प्रतिशत मात्र आम्दानी भएको छ । लेखापरीक्षणको क्रममा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ।

१६.१ जिल्ला विकास समितिले सवारी साधन आवागमन तथा सडक पूर्वाधार उपयोग पटके कर वापत विभिन्न सवारी साधनमा लगाउने करको दर कायम गरी व्यापारिक प्रयोजनका डोजरहरुलाई वार्षिक रु.३५ हजार सडक पूर्वाधार उपयोग कर लगाउने गरी २०७२।७३ मा रु.१० लाख ७० हजारको अनुमान गरिएकोमा अनुमानको २०.७७ प्रतिशत मात्र प्राप्त भै अनुमान भन्दा न्यून आम्दानी गरेको देखिएकोले प्रभावकारी रुपमा पूर्वाधार उपयोग कर उठेको देखिएन । जिल्ला सडकमा ३।४ महिना मात्र सवारी संचालन हुने हुँदा सवारी करको ठेक्का लाग्न नसकेको र गाउं विकास समितिको बजेटबाट डोजरहरुले काम गरी भुक्तानी लिई जाने गर्दा जि.वि.स.लाई जानकारी नहुँदा असुल हुन नसकेको कार्यालयले जनाएको छ ।

१६.२ जिल्ला विकास समितिले लगाएको निकासी कर र अन्य ठेक्का कर वापत ९ लाख ८३ हजार असुल गरेको छ । अरुण नदी सुनवालुवा र कावाखोला संकलन केन्द्रमा ढुंगा, गिटी, वालुवा संकलन तथा विक्री प्रयोजनको लागि एक निर्माण सेवासंग २०७२।९।२३ मा वहुवर्षिय ठेक्का सम्झौता गरेकोमा प्रथम वर्ष २०७२।७३ को सम्झौता बमोजिमको रु.१ लाख २८ हजार प्राप्त नभएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

१६.३ कार्यालयका एक कर्मचारीले गा.वि.स.सचिव र जि.वि.स.कर्मचारीको क्षमता विकास गोष्ठी संचालन गर्न लिएको रु.१ लाख ७५ हजार पेस्की फछ्र्यौट गरेकोमा स्रेस्तामा सोको प्रमाण संलग्न गरेको नदेखिदा प्रमाण संलग्न गरी फछ्र्यौट गर्नुपर्दछ ।

१७. **गरिव घरपरिवार पचिय पत्र वितरण :** गरिव घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्याक्रम तर्फ रु.१२ लाख ३२ हजार खर्च भएको छ । गरिवको रेखामुखि रहेका नेपाली नागरिक परिवारलाई श्रोत साधन र क्षमताले भ्याएसम्म सामाजिक सुरक्षा प्रदान गर्ने उदेश्यले परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका २०६९ कार्यान्वयनमा आएको छ । भोजपुर जिल्लामा २०६९ देखि यो कार्यक्रम कार्यान्वयनमा आएकोमा प्राप्त विवरण अनुसार ३४ हजार ७४४ सर्भेक्षण मध्ये ८ हजार १३३ पहिचान भएका घरपरिवारको सफ्टवेयरमा डाटा इन्ट्री गरेतापनि हालसम्म परिचयपत्र प्राप्त भएको देखिएन । निर्देशिकाको नियम ५ बमोजिम अतिगरिव, गरिव र सीमान्त गरीवको वर्गिकरण गरी परिचय पत्र जारी गर्नुपर्दछ ।

१८. **झोलुँगे पुल :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले ३४ गाउ विकास समिति र २ नगरपालिकाको नाउमा १०७ जना झोलुँगेपुल हेरालुको प्रति महिना रु.५००। का दरले रु.६ लाख ८ हजार सम्बन्धित स्थानीय निकायको खातामा निकासा गरेकोमा पुल हेरालुहरुले पारिश्रीमक वुझेको भरपाई पेश नभएकोले भरपाई पेश हुनुपर्दछ ।

१९. **सापटी :** एक मित्रराष्ट्रबाट संचालित कार्यक्रमको बजेट स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली बमोजिम प्राप्त सापटी रकम फिर्ता गर्नुपर्नेमा राजस्व वांडफांड तर्फबाट उक्त कार्यक्रममा सापटी ल्याएको रु.२० लाख फिर्ता नगरेकोले फिर्ता गर्नुपर्दछ ।

१९.१ एक निर्माण ब्याबसायी संग १५ शैयाको दिंला अस्पताल निर्माण गर्ने गरी २०६९।८।५ मा २०७०।११।६ मा सम्पन्न गर्ने गरी संझौता भएकोमा २०७१ चैत्र मसान्त सम्म म्याद थप गरी कार्य अवधि तोकिएको पाइयो । विविध कारणले कार्य सम्पन्न नभएकोमा २०७२।७।२२ मा म्याद थपको लागि जि.वि.स. वोर्डमा पेश गर्ने गरी निर्णय भएकोमा म्याद थप भएको छैन । नेपाल वंगलादेश वैक विराटनगरको वैंक ग्यारेन्टीको म्याद २०७३।१।२० सम्म मात्र भएकोमा उक्त ठेकेदारको नाउमा रु.१६ लाख २३ हजार पेस्की समेत वांकी रहेको अवस्थामा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम कारवाही गरी कार्य सम्पन्न गर्नुपर्दछ । सुझाव अनुसार कार्यान्वयन गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

२०. **स्थानीय निकायको लेखापरीक्षण :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ६९ र १३५ बमोजिम स्थानीय निकायको लेखापरीक्षणमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

२०.१ ऐनको दफा ६९(१) अनुसार गाउं विकास समितिको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिले आर्थिक वर्ष समाप्त भएको मितिले चार महिना भित्र गरिसक्नु पर्नेमा आन्तरिक लेखापरीक्षण वर्षको अन्तमा मात्र गर्ने गरेकोले ऐनको पलाना भएको देखिएन।

२०.२ गाउं विकास समितिले अन्तिम लेखापरीक्षण गाउं विकास परिषदबाट गठीत लेखा समितिको सिफारिसमा जिल्ला विकास समितिले स्वीकृत गरेको लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था अनुसार अघिल्लो आर्थिक वर्ष २०७१।७२ सम्मको सबै गाउं विकास समितिहरुको लेखापरीक्षण सम्पन्न भएको छ ।

२०.३ स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९(३) अनुसार लेखापरीक्षणबाट उल्लेख गरिएका वुंदा माथि लेखा समितिले अध्ययन गरी आफ्नो राय सुझाव सहित गाउं परिषदमा पेश गर्नुपर्दछ । गाउं परिषदले लेखा समितिको राय सुझाव सहित प्राप्त प्रतिवेदन माथि छलफल गरी लेखापरीक्षणबाट कायम भएका बेरुजू नियमित गर्न नमिल्ने भएमा वेरुजू फर्‍यौटको लागि गाउ विकास समितिलाई निर्देशन दिने व्यवस्था छ । तर ५ गाउ विकास समिति मध्ये ३ वटा को रु.१ लाख ३१ हजार असुल गर्ने बेरुजू कायम भएकोमा उक्त बेरुजू माथि कारवाही नचलाएको र लगत समेत राखेको नदेखिदा लेखापरीक्षकले औंल्याएका व्यहोरा माथि जि.वि.स.ले प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२०.४ जिल्ला विकास समितिबाट प्राप्त विवरण अनुसार ५४ गाउ विकास समितिको २०७२।७३ को अन्तिम लेखापरीक्षण गर्नको लागि पत्रिकामा सूचना प्रकाशित गरी रजिष्टर्ड लेखापरीक्षक १८ जनाको नाउ गा.वि.स.मा पठाएको मध्ये १७ लेखापरीक्षकको नामावली प्राथमिकता तोकि सिफारिस भई आए बमोजिम २०७३।९।१४ को निर्णय अनुसार २०७२।७३ को लागि लेखापरीक्षक नियुक्ति गरेकोमा तोकिएको अवधि भित्र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन । गाउं तथा नगरपालिकाको लेखापरीक्षक नियुक्ति गर्ने समय निर्धारण गर्ने मापदण्ड स्वीकृत नभएकोले मापदण्ड स्वीकृत गरी लेखापरीक्षक नियुक्ति र प्राप्त प्रतिवेदनको कार्यान्वयन गरिनुपर्दछ ।

२०.५ आ.व. २०७२।७३ को गा.वि.स. र न.पा.को लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकलाई लेखापरीक्षण ऐनले तोके बमोजिम लेखापरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेसम्बन्धमा जि.वि.स. भोजपुरको समन्वयमा मिति २०७३।१०।१५ गते अर्न्तक्रिया कार्यक्रम आयोजना गरी निर्देशन समेत दिइएकोले लेखापरीक्षण प्रतिवेदन विश्वसनिय र प्रभावकारी बनाउनु पर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **प्रगती** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रत्येक चौमासिक अवधिमा खर्चको लक्ष्य तोकिएकोमा सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले पुजिगततर्फ खर्च भएको मध्ये तेश्रो चौमासिकमा ६५ प्रतिशत र आषाढ महिनामा मात्र तेश्रो चौमासिकको ६० प्रतिशत खर्च गरेकोले स्वीकृत कार्यक्रमको तालिका अनुसार खर्च गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । वार्षिक खरिद योजना नबनाएको, भुक्तानी भौचरमा भुक्तानी भएको छाप नलगाएको, स्पेसिफिकेशन अनुसार सामाग्री समयमा नै प्राप्त नगरेको जिन्सी खातामा आम्दानी गर्दा पूर्णरुपमा स्पेसिफिकेशन खुलाउने नगरेको, पुराना सामानहरुको मूल्य आंशिक रुपमा मात्र खुलेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औंल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रमगतखाता नराखेको, आर्थिक कार्य विधि नियमावली २०६४ को नियम ९१ बमोजिम वार्षिक कार्यसंपादन प्रतिवेदन तयार नगरेको जस्ता व्यहोरा हरु देखिएका छन् । प्रचलिन ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ । सुझाव अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने व्यहोरा कार्यालयले जनाएको छ ।

३. **औषधिको आवश्यकता :** प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका २०६८।६९ मा उत्पादन मिति भएको औषधीको म्याद कम्तीमा सो मितिले १८ महिना आयु भएका औषधी तथा उपकरणको म्याद कम्तीमा दुई तिहाई रहनु पर्ने प्रावधान छ । वर्ष भरिमा प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविर तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक औषधी कार्यालयबाट खरिद भई प्राप्त हुने परिमाण तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी व्यवस्थापन गरिनुपर्नेमा औषधीको आवश्यकता र आपूर्ति विच सामन्जस्यता भएको पाइएन । जसबाट एकातिर महत्वपूर्ण औषधी मौज्दात रहेको छैन भने अर्कोतर्फ मिति २०७३।९।१९ को निर्णयबाट विभिन्न ६ किसिमका २० व्याच नम्बर भएका औषधी मिनाहा गरेकोले औषधीको आवश्यकताको पहिचान गरी व्यवस्थापन गरेको देखिएन । म्याद नाघेका भिटामिन, जिनसल्फेट लगायतका म्याद सकिनु अगावै प्रयोग गर्ने गरी व्यवस्थापन गर्नुपर्नेमा यो वर्ष औषधी मिन्हा गरेको देखियो । जसबाट औषधीको सदुपयोग सम्बन्धमा उचित ध्यान दिएको नदेखिदा औषधीको म्याद समाप्त नहुने गरी त्यसको सदुपयोग र परिचालन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

४. **निरीक्षण र स्वीकृति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११५(१) वमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्नेमा खरिद सम्झौता वमोजिम खरिद भएका औषधि तथा सर्जिकल सामानहरु स्टोर दाखिला गर्नु पूर्व सम्झौता वमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादक कम्पनी, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जांच गरी समग्र व्यहोरा खोलि निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । उक्त प्रतिवेदन तयार नगर्दा मालसामानको यकिन अवस्था नखुल्ने भएकोले निरीक्षण प्रतिवेदनको आधारमा दाखिला विवरण तयार गरेर मात्र भण्डारण गर्नुपर्दछ ।

५. **औषधिको लोगो :** निशुल्क औषधी वितरण निर्देशिका अनुसार नेपाल सरकारले निशुल्क गरेको सबै औषधीहरुमा "निशुल्क वितरणको लागि" भन्ने छाप लागेको हुनुपर्दछ। लेखापरीक्षणको शिलशिलामा १० किसीमका औषधी नमूना परीक्षण गर्दा एमोक्सीलिन ५० एमजी, सिफ्प्रोफाम्सनिन ५०० एमजी, क्लोटफेन ४ एमजी, क्लोम्सासीन ५०० एमजी लगायत औषधीमा उक्त छाप लागेको पाइएन। नि:शुल्क वितरण हुने सबै औषधीमा त्यस प्रकारको छाप लगाएको औषधी प्रयोग गर्नुपर्दछ । औषधीको आवश्यकताको पहिचान गरी म्याद ननाध्ने गरी लोगो सहितको नि:शुल्क वितरण गरिने औषधीहरुको व्यवस्थापन गरिने कार्यालयले जनाएको छ ।

६. **रेफरल फण्ड :** आमा सुरक्षा कार्यक्रम अन्तरगत रेफरल फण्डबाट एक परिवार नियोजन अधिकृतले स्वास्थ्य केन्द्रबाट ९१ जनाको स्थानान्तरणको नामनामेसी विवरण पेश गरी रु.३ लाख पेस्की फछ्र्यौट गरेकोमा स्थानान्तरण प्रेषण पुर्जामा उल्लेख गर्नुपर्ने व्यहोराहरु जस्तै प्रेषण गर्नुपर्नाको कारण, उपचारविधि, प्रयोग भएको औषधी लगायतको विवरण विना रकम बुझाएको भरपाईको आधारमा रेफरल वापतको पेस्की फछ्र्योट गरेको छ। उल्लेखित प्रमाण कागजात राखी उक्त पेस्की फछ्र्यौट गर्नुपर्दछ । सुझाव अनुसार प्रमाण संलग्न गरी पेश गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

७. **परिवार नियोजन :** एक परिवार नियोजन कार्यक्रम सम्बन्धी ३ दिने गोष्ठी २०७३।३।७ देखि ३।९ सम्म एक परिवार नियोजन अधिकृतले संचालन गरेकोमा रु.५ लाख एकिकृत जिल्ला स्वास्थ्यबाट र रु.३ लाख परिवार नियोजन संघबाट व्यहोरेको जनाई कार्यक्रम कार्यन्वयन गर्न पेस्की प्रदान गरेको छ । नेपाल परिवार नियोजन संघसंग भएको संझौता संलग्न नगरी पेस्की दिएकोले नेपाल

परिवार नियोजनसंग भएको सम्झौता पेश गरी रु.८ लाख फछ्र्यौट गर्नुपर्दछ। संझौता पेश गरिने कार्यालयले जनाएको छ।

८. **पोशाक खर्च :** कार्यक्रम संचालन निर्देशिका अनुसार महिला स्वास्थ्य स्वयम सेविकालाई पोशाक भत्ताको रकमै वुझाई भरपाई गराउनुपर्ने व्यवस्था छ। कार्यालयले पोशाक खर्च वापत प्रति स्वयम सेविका ६ हजारको दरले ५६७ स्वयम सेविकाको लागि सम्बन्धित उपस्वास्थ्य चौकिको महिला स्वास्थ्य स्वयम सेविका कोष खातामा १ प्रतिशत कर कट्टा गरी रु. ३३ लाख ६८ हजार पठाएकोमा निर्देशिका बमोजिम स्वयम सेविकाले पोशाक वुझेको प्रमाण पेश नभएकोले वुझेको प्रमाण पेश गर्नुपर्दछ।

९. **विदाई :** कार्यक्रम संचालन निर्देशिका अनुसार स्वास्थ्य आमा समूहको सिफारिसमा ६० वर्ष उमेर पुगेका, शारिरीक मानसिक रुपमा असक्त महिला स्वास्थय स्वय सेविकालाई सम्मानजन विदाईको लागि विनियोजित रकमबाट प्रति स्वयम सेविका रु.१० हजारको दरले ११ जनालाई उपलव्ध गराउन रु.१ लाख १० हजार एक को.चे.अ. लाई उपलव्ध गराएको छ। उक्त रकम सम्बन्धित अवकाश प्राप्त स्वयम सेविकालाई वुझाएको भरपाई र सम्मानजनक विदाई गरेको दिन समेत नखुलेकोले उक्त रकम स्वयम सेविकाले प्राप्त गरेका सम्बन्धमा आश्वस्त हुन सकिएन। भरपाई पेश गरिने व्यहोरा कार्यालयले जनाएको छ।

१०. **दादुरा, रुवेला खोप अभियान संचालन** : राष्ट्रिय खोप कार्यक्रम (दादुरा, रुवेला खोप अभियान २०७२।७३) संचालनको लागि रु.३३ लाख ११ हजार खर्च भएको छ। निर्देशिका (अनुसूची १ देखि १९) अनुसार योजना तर्जुमा, कोल्डचेन व्यवस्थापन, सुपरीवेक्षण अनुगमन चेकलिष्ट, प्रगति प्रतिवेदन लगायत अनुसूची १९ मा ए.ई.एफ.आई.को तत्काल गरिने प्रतिवेदन फाराममा विरामीको पुरा ठेगाना सहित भ्याक्सीन दिएको स्थान, स्वास्थ्य संस्थाको नाम ठेगाना समेत उल्लेख गर्नुपर्नेमा उल्लेख गरेको छैन।

१०.१ एक प.नि.अ. ले स्टाफ नर्स र अनमीहरुलाई क्लिनिकल अपेड तालिम वापतको पेस्की फछ्र्यौट गर्दा नगद वांकी रहेको रु.१० हजार फिर्ता गर्नुपर्नेमा नगरेकोले संचित कोष दाखिला हुनुपर्दछ।

१०.२ एक खोप सुपरभाइजरले दादुरा रुवेला खोप अभियानमा स्वास्थ्यकर्मीहरुलाई खोप लगाएको दिनको यातायात खर्च उपलव्ध गराउन रु.३ लाख ४६ हजार भुक्तानी लिएकोमा सम्बन्धित स्वास्थ्य कर्मीको वैंक खातामा पठाएको वा रकम वुझेको भरपाई दुवै संलग्न नभएकोले उक्त रकम वुझाएको प्रमाण पेश हुनुपर्दछ। उपर्युक्त व्यहोराका सम्बन्धमा भरपाई पेश गरिने व्यहोरा कार्यालयले जनाएको छ।

११. **हात्तीपाइले** : हात्तीपाइले रोग निवारण कार्यक्रम संचालन निर्देशिकाको सि.नं.१४ मा हात्तीपाइले रोग निवारण कार्यक्रममा प्रयोग हुने प्रमुख २ वटा औषधी अल्वेन्ड्राजोल र डिइसी कार्यालयले स्वास्थ्य संस्थामा उपलव्ध हुनेगरी व्यवस्था मिलाइएको उल्लेख छ। मूल्य रु.२ लाख ४२ हजार बराबरको उक्त औषधी ४ लाख ४० हजार वटा केन्द्रीय मेडिकल स्टोर पथलैयाबाट प्राप्त भै स्वास्थ्य संस्थामा पठाइएको विवरणबाट देखिन्छ। उक्त कार्यक्रम कार्यान्वयन प्रगति प्रतिवेदन अनुसार प्राप्त औषधी मध्ये खर्च भै वांकी रहेको अल्वेन्ड्राजोल ५९ हजार ६५४ र डिइसी १ लाख २३ हजार १५१ थान औषधी कहां कसको जिम्मा रहेको छ त्यसको विवरण समेत पेश हुन नआएकोले औषधी खरिद, हस्स्तान्तरण एवं संरक्षण र उपभोगमा ध्यान पुर्‍याएको देखिएन। कार्यालयको मिति २०७२।९।१२ को पत्रबाट स्टोरमा रहेको डिइसी ट्यावलेट १० लाख ९६ हजार ४४० गोटा औषधी जुन २०१५ मा म्याद सकिएकोले नष्ट गर्न औषधी व्यवस्था विभागसंग निर्देशन

मागेकोमा त्यसको जवाफ समेत प्राप्त भएको देखिएन । औषधीको सहीसदुपयोगको लागि उचित सावधानी अपनाउनु पर्दछ ।

१२. **श्रेस्ता पेश नभएको** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। तर भुक्तानी आदेश नं.६८ र ६९ बाट एक को.चे.अ.को नाममा कार्यक्रम सम्पन्न गरी विल भरपाई पेश भएको व्यहोरा जनाई रु.६ लाख ४८ हजार खर्च लेखको मध्ये भौ.नं.६९ बाट गाउघर क्लिनिक र महिला स्वयम सेविकालाई विदाई वापत रु.३ लाख ५८ हजार खर्च लेखेकोमा वांकी रु.२ लाख ९० हजारको खर्चलाई प्रमाणित गर्ने विरभरपाई साथ ६८ नम्बरको गोश्वरा भौचर समेत लेखापरीक्षणको क्रममा पेश नभएकोले उक्त भौचर साथ प्रमाण कागजात पेश हुनुपर्दछ । उपयुक्त व्यहोराका सम्बन्धमा छानविन गरी प्राप्त भए पछि पेश गरिने कार्यालयले जनाएको छ ।

१३. **बढी भुक्तानी** : मसिर महिनामा तलव वितरण गर्दा महगी भत्ता वापत रु.१ हजार भुक्तानी हुनुपर्नेमा रु.२ हजार भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१ हजार, तलव वितरण गर्दा तलवमा रु. ४९ लाख १० हजारमात्र खर्च लेख्नुपर्नेमा रु.४९ लाख ४७ हजार खर्च लेखेको देखिएकोले बढी खर्च लेखेको रु.३७ हजार एवं कार्यालयका ३ जना कर्मचारीको पौष, माघ, वैशाख र आषाढ महिनाको तलव भत्ता वितरण गर्दा तोकिएको तलव स्केल भन्दा रु.७८ हजार बढी वितरण समेत रु.१ लाख १६ हजार बढी खर्च लेखेकोले उक्त रकम असुल हुनुपर्दछ । उपयुक्त व्यहोराका सम्बन्धमा सम्बन्धितबाट असुल गरी दाखिला गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

१४. **काम टुक्रा पारेको** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गराउदा वोलपत्रको माध्यमबाट गराउनुपर्ने व्यवस्था छ । तर कार्यालयले निर्माण कार्य गर्न एउटै प्याकेजमा वोलपत्र आव्हान नगरी अस्पताल हाताभित्रको वाटो निर्माण, मर्मत लगायतको रु.३० लाख १९ हजारको कामलाई ७ टुक्रा पारी काम गराएको छ । कानूनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

१५. **अग्रिम कर** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको विलभरपाई सहितको लेखा राख्नुपर्ने र आयकर ऐन २०५८ बमोजिम अग्रिम कर कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेमा ६ पटक भुक्तानी गर्दा अग्रिम कर कट्टा नगरेको र बढी भुक्तानी गरेको रु. ४० हजार असुल गरी दाखिला गर्नुपर्दछ। उपयुक्त व्यहोराका सम्बन्धमा यकिन गरी असुल गरिने कार्यालयले जनाएको छ ।

१६. **निरीक्षण** : मिति २०७३।१०।२० गते हेलौछा रिपोटींग सेन्टर अन्तरगतको एक स्वास्थ्य चौकीको कार्यालयका प्रतिनिधि सहित हस्तान्तरित भ्याक्सीन तथा औषधीको अभिलेख परिक्षण गर्दा स्वास्थ्य चौकीमा हस्तान्तरण भई गएका भ्याक्सीन तथा औषधीहरुको आम्दानी खर्चको अभिलेख अद्यावधिक नदेखिएकोले अद्यावधिक गर्नु पर्दछ ।

१७. **पेस्की** : आर्थिक वर्षको अन्तसम्म पनि एक व्यक्तिको नाममा रहेको भ्याक्सीन ढुवानी वापतको पेस्की रु.३२ हजार फछ्र्यौट नभएकोले फछ्र्यौट गर्नुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **लक्ष्य तथा प्रगति** : प्रगति विवरण अनुसार यस कार्यालयबाट संचालित प्रमुख कार्यक्रमहरु मध्ये विद्यालय क्षेत्र सुधार कार्यक्रमतर्फ औषत भौतिक प्रगति ९९.११ प्रतिशत देखाएको छ । यद्यपी कार्यालयले विद्यालय भौतिक सुधार तर्फ आर्थिक वर्षको अन्तमा उपलब्ध गराएको रु.३ करोड ९२

लाख रकम समेत प्रगतिमा समावेश गरेकोले उक्त प्रगति विवरणले वास्तविक प्रगति स्थिति देखाएको छैन । त्यसै गरी अन्य कार्यक्रमको समेत भौतिक प्रगति उल्लेख नगरी वित्तीय प्रगति मात्र उल्लेख गरेकोले पेश भएको लक्ष्य प्रगतिबाट वास्तविक भौतिक प्रगति यकिन गर्न नसकिएकोले निर्दिष्ट ढांचामा भौतिक प्रगति देखिने गरी प्रगति विवरण तयार गर्नुपर्दछ ।

२. **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) मा बजेटमा निर्धारित गरिएको रकम निकासा लिईं नियमानुसार खर्च गर्ने र समयमै निर्धारित कार्यक्रम अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत वार्षिक कार्यक्रममा प्रत्येक चौमासिक अवधिमा खर्चको लक्ष्य तोकिएकोमा सोही बमोजिम खर्च गर्नुपर्नेमा कुल खर्चको ५०.८४ प्रतिशत रकम आषाढ महिनामा मात्र खर्च भएकोले समयमै स्वीकृत कार्यक्रमको तालिका अनुसार खर्च गर्नुपर्दछ । समयमै अख्तियारी लिई कार्यक्रम अनुसार खर्च गर्न प्रयास गरिने कार्यालयले जनाएको छ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । वर्षिक खरिद योजना नबनाएको, स्पेसिफिकेशन अनुसार सामाग्री समयमा नै प्राप्त नगरेको, जिन्सी खातामा आम्दानी गर्दा पूर्णरुपमा स्पेसिफिकेशन खुलाउने नगरेको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राख्नुपर्नेमा कतिपयको मुल्य नखुलेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औंल्याएका व्यहोरा माथि पूर्ण कारवाही नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, वार्षिक आर्थिक कारोवारको प्रतिवेदन अनूसुची १४ बमोजिमको ढांचामा र वार्षिक कार्यसंपादन प्रतिवेदन तयार नगरेको, तोकिएको ढांचामा बजेट रकम नम्बर खुल्नेगरी बजेट सिटको प्रयोग नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **विद्यालयको लेखापरीक्षण** : सामाजिक परीक्षण निर्देशिका (पहिलो संशोधन २०७१ सहित) अनुसार सामाजिक तथा वित्तीय लेखापरीक्षण अनिवार्य रुपले गर्ने व्यवस्था सुनिश्चित गर्ने र सामाजिक तथा वित्तीय लेखापरीक्षण प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने व्यवस्था छ । प्रगति विवरण अनुसार ३८७ विद्यालयकोलागि लेखापरीक्षण गराउन रु.२९ लाख ४९ हजार निकासा दिएकोमा लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले नियमानुसार लेखापरीक्षण गर्नुपर्दछ ।

५. **पि.सी.एफ. स्यालरी** : विद्यालय सुधार कार्यक्रम कार्यान्वन निर्देशिकामा शिक्षा मन्त्रालयबाट परिमार्जित भई जारी हुने अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिकाको आधारमा सामुदायिक विद्यालयमा प्रति विद्यार्थी इकाई लागतको आधारमा वितरण व्यवस्था मिलाउने उल्लेख छ । जिल्ला शिक्षा समितिको २०७३।३।१३ को निर्णयबाट मा.वि.र नि.मा.वि.मा अनुदान वापत रु. १ करोड ०३ लाख निकासा गरेको छ । तर प्रा.वि.तहको लागि निकासा पठाएको देखिएन । यसरी मन्त्रालयबाट परिमार्जित निर्देशिका शैक्षिक सत्रको अन्तमा फागुन महिनामा पठाएको छ भने अर्कोतर्फ प्राप्त अनुदान रकम आषाढ महिनाको अन्तमा निर्देशिका बमोजिम समानुपातिक किसिमले वांडफांड नगरी मापदण्ड विपरित एक मुष्ट रुपमा निकासा दिएकोले एकातिर यसको सही सदुपयोग भएको छ भन्ने अवस्था छैन भने अर्कोतर्फ निर्देशिका बमोजिम निकासा भएको समेत नदेखिदा समयमै निर्देशन जारी गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

६. **पाठ्यक्रम प्रबोधिकरण** : आीर्थक कार्याविधि नियमावली २०६४ को नियम २० बमोजिम बार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा प्रथम चौमासिक अवधि भित्र सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ । तर कक्षा ९ को पाठ्क्रम प्रबोधिकरण कार्यक्रमको लागि २०७३।३।९ मा पठाएको संशोधित अख्तियारीबाट २०७३।३।१५ देखि २०७३।३।१७ सम्म ३ दिने प्रशिक्षण कार्यक्रममा २०७

शिक्षक शिक्षिकालाई प्रबोधिकरण गराए वापत रु.८ लाख २८ हजार खर्च लेखेको छ । समयमै कार्यक्रम प्राप्त नहुदा आर्थिक वर्षको अन्तमा कार्यक्रम संचालन गर्नुपरेको कार्यालयले जनाएको छ । समयमै कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गरिनु पर्दछ ।

७. **एकै दरमा लागत अनुमान** : कार्यक्रम संचालन निर्देशिकाको सि.नं.२.३ मा प्रत्येक विद्यालयको लागि छुट्टाछुट्टै परिमाण तथा लागत अनुमान तयार गरी जिल्ला शिक्षा कार्यालयले स्वीकृत गर्नुपर्ने व्यवस्था भएतापनि जिल्लाभरी एकै प्रकृतिको लागत अनुमान तयार गरेको छ । उदाहरणको लागि सदरमुकाम स्थित आदर्श शिशु प्रा.वि.भोजपुर र सदरमुकाम देखि करिव २५ कोष टाढा रहेको लक्ष्मीसाल्पा नि.मा.वि. दोभानेको दर विश्लेषण एकै दरमा गरेकोले विद्यालयको लागत अनुमान वास्तविकतामा आधारित रहेको नदेखिदा निर्देशिकाले तोके अनुसार छुट्टाछुट्टै विद्यालयको वास्तविक लागत अनुमान तयार गरी भौतिक निर्माणको कार्य संचालन गर्नुपर्दछ । व्यहोरा मनासिव देखिएकोले सुधार गर्ने प्रयास गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

८. **भवन निर्माणको कार्य अवधि** : विद्यालयहरुले आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा निर्माण तथा मर्मत सम्भार कार्य सम्पन्न गरी त्यसको जानकारी जिल्ला शिक्षा कार्यालयलाई दिनुपर्ने र निकासा गरिएको रकम खर्च नै नगरी विद्यालयको खातामा रकम जम्मा गरि राख्ने विद्यालयहरुबाट त्यस्तो रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ । तर जिल्ला शिक्षा कार्यालयले पेश गरेको विवरण अनुसार आ.व. २०७२।७३ मा विनियोजित रु.२१ करोड १० लाख मध्ये सम्पन्न हुन वांकी रहेको २६ विद्यालयको रु.३ करोड ९२ लाख लेखापरीक्षण अवधि २०७३।१०।५ सम्म पनि कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले अविलम्ब कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाई फछ्र्यौट गर्नुपर्दछ । उल्लेखित विद्यालयहरुको कार्य सम्पन्न भई आउने क्रममा रहेकोले प्राप्त भए पछि लगत कट्टाको लागि पेश गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

९. **कार्यसम्पन्न प्रतिवेदन** : विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यन्वयन निर्देशिका बमोजिम पहाडी जिल्लाको लागि २ कोठे फर्निचर सहितको विद्यालय भवन निर्माणको लागि रु.१३ लाख ५० हजार र ३ कोठे विद्यालय भवन निर्माणको लागि रु.१९ लाख ५० हजार इकाई लागत कायम गरिएको छ । तर कार्यालयबाट प्राप्त ३ कोठे फलामे ट्रस भवन निर्माण गर्ने १५ विद्यालयको रु.२ करोड ९२ लाख ५० हजार र २ कोठे फलामे ट्रस निर्माण गर्ने ७७ विद्यालयको रु. १० करोड ३९ लाख ५० हजारको कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा लागत अनुमान तयार गर्दा र कार्य सम्पन्न बनाउदा निर्देशिका बमोजिम फर्निचरलाई समावेश गरेको नदेखिदा निर्देशिकाले तोके बमोजिम फर्निचर सहितको कार्य सम्पन्न प्रतिवेदन बनाउनु पर्दछ ।

१०. **विद्यालयगत निकासा खाता** : कार्यालयले जिल्ला स्थिति विद्यालयहरुमा निकासा दिदा शिक्षा विभागले जारी गरेको निर्देशिका बमोजिम विद्यालयगत निकासा अभिलेख खाता नराखेकोले तोकिएको ढाचामा निकासा खाता राख्नु पर्दछ । विद्यालयगत खाता राखिने व्यहोरा कार्यालयले जनाएको छ ।

११. **अनौपचारिक शिक्षातर्फ** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम सरकारी रकम खर्च गर्दा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्नेमा तिन सामुदायिक अध्ययन केन्द्र लाई प्रति सामुदायिक केन्द्र रु. ५० हजार का दरले रु. १ लाख ५० हजार आई.सि.टी. तथा पुस्तकालय व्यवस्थापन वापत ससर्त अनुदान निकासा दिएकोमा सोको विलभरपाई पेश हुन नआएकोले खर्चको आधार र प्रमाण पेश गर्नुपर्दछ ।

## मालपोत कार्यालय

१. **लक्ष्य तथा प्रगति :** कार्यालयलाई चालु आर्थिक वर्षमा भूमिसुधार तथा मालपोत विभागबाट रु.५० लाख १० हजारको रजिष्ट्रेशन दस्तुर उठाउने गरी लक्ष्य तोकेकोमा लक्ष्यको ३७.४० प्रतिशत मात्र राजस्व प्राप्त भएको छ । प्राप्त आर्थिक विवरण अनुसार सेवा दस्तुर, रजिष्ट्रेशन फाराम विक्री, प्रशासनिक दण्ड जरिवानाबाट प्राप्त रकम हसवली राजस्व वर्गिकरणमा समावेश गर्नुपर्नेमा लगतीमा उल्लेख गरेको छ । नियमानुसार लगती र हसवली राजस्वको वर्गिकरण बमोजिम अभिलेखांकन गरिनु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थामा भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। तर मूल्य नखुलेका कतिपय पुराना सामानको मूल्य नखुलेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ बमोजिम तालुक कार्यालयले कार्यालयको निरीक्षण नगरेको, तोकिएको ढांचामा बजेट रकम नम्बर खुल्नेगरी बजेट सिटको प्रयोग नगरेको, आर्थिक कार्य विधि नियमावली २०६४ को अनूसुची १४ बमोजिम आर्थिक कारोवारको सक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावलीको नियम १८ बमोजिम खरीदको प्रकृति अनुसार छुट्टाछुट्टै मौजुदा सूची तयार गरी सो अनुसार खरीद नगरेको जस्ता व्यहोराहरु देखिएका छन् । ऐन नियममा तोकिएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **राजस्व वांडफांड** : कोष तथा लेखा नियन्त्रक कार्यालयको कार्यसंचालन खातामा रु.७० हजार वांकी रहेकोले उक्त रकम राजस्व दाखिला हुनुपर्दछ ।

४. **रजिष्ट्रेशन :** आर्थिक अध्यादेश २०७२ अनुसार नगरपालिका क्षेत्रमा जग्गा लिखत पास गर्दा मूल्याकनको ४ प्रतिशतका दरले रजिष्ट्रेशन दस्तर लगाई असुल गर्नुपर्नेमा लिखत पासगर्दा २ प्रतिशत मात्र रजिष्ट्रेशन दस्तुर लिएको देखिदा घटी असुल भएको रु.१ लाख ७० हजार असुल गरी दाखिला गर्नुपर्दछ ।

## भोजपुर वहुमुखी क्याम्पस

१. **पूँजिगत सम्पत्ति :** सार्वजनिक निकायले नियममा तोकेको ढांचा बमोजिम लेखा राखी तयार गरेको वित्तिय विवरणले कारोवारको वास्तविक र यथार्थ चित्रण गर्नुपर्दछ। क्याम्पसले वासलात विवरणमा आर्थिक वर्षको अन्त्यमा कूल सम्पत्ति रु.१ करोड ४७ लाख ५८ हजार देखाएकोमा आयकर ऐन २०५८ बमोजिम क्याम्पसको भवन, जग्गा तथा फर्निचर लगायतका सम्पत्तिको ह्रास कट्टी गरेको नदेखिएको र भौतिक परीक्षण समेत नगरेकोले उक्त सम्पत्तिले क्याम्पसको वास्तविक पूजिगत सम्पत्तिको चित्रण नगरेकोले नियमानुसार सम्पत्तिको मूल्यांकन गर्नुपर्दछ ।

२. **चल सम्पत्ति :** चल सम्पत्तितर्फ आर्थिक वर्षको शुरुमा रु.९ लाख ५३ हजार र चालु वर्षको रु.८ लाख ४२ हजार समेत जम्मा रु.१७ लाख ९५ हजार पेस्की रहेकोमा विगतको पेस्की रु.४० हजार र यसवर्षको रु.८ लाख ४२ हजारसमेत रु.८ लाख ८२ हजार फछ्र्यौट भै रु.९ लाख १३ हजार बाँकी रहेको छ । त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदको निर्णय अनुसार व्याज समेत लगाई उक्त पेस्की फछ्र्यौट गर्नुपर्दछ ।

३. **वैंक मौज्दात** : २०७३ आषाढ मसान्तमा ५ वटा वैंकको वैंक मौज्दात रु.९४ लाख ८८ हजार देखाएकोमा वैंक स्टेटमेन्ट विवरणले रु.१ करोड ५५ लाख ५१ हजार देखाएको छ । श्रेस्तामा भन्दा वैंकमा रु.६० लाख ६३ हजार बढी देखिएकोले वैक हिसाव मिलान गरी अद्यावधिक गर्नु पर्दछ ।

४. **धरौटी तथा दायित्व** : धरौटी तथा दायित्वतर्फ अनुसूची २ अनुसार आर्थिक वर्षको अन्त्यमा रु.१ करोड १५ लाख ६१ हजार धरौटी वांकी देखाएको मध्ये ४ वटा शिर्षकहरुमा रु. ९९ लाख ४५ हजार विगत वर्ष देखिको जिम्मेवारी सर्दै आएकोमा उक्त रकम फरफारक गर्नु पर्दछ ।

५. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थामा भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । शिक्षक तथा कर्मचारीको विदाको रेकर्ड अद्यावधिक र प्रमाणित नभएको, जिन्सी रेकर्डको जोडजम्मा र मौज्दात प्रमाणित नभएको, सिधै खरिद गर्दा खरिद आदेश नभएको, विल भरपाईहरु प्रमाणित हुने नगरेको, कक्षा लिदा रुटींग संलग्न नगरेको, वार्षिक उत्सवको चन्दा रसिद प्याड छपाई गर्दा कार्य समितिबाट कुनै निर्णय नभएको, चन्दा उठेको हिसाव एकिन नभएको, सुचिकृतबाट अनिवार्य खरिद नभएको तथा खरिद समिति गठन नगरेकोले जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका व्यहोराहरु कार्यान्वयन नगरेको जस्ता व्यहोराहरु देखिएका छन् । ऐन नियममा तोकिएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ । सुझाव बमोजिम कार्यान्वयन गरिने व्यहोरा क्याम्पसले जनाएको छ ।

६. त्रिभुवन विश्व विद्यालय आर्थिक व्यवस्थापन तथा सचय कोष सम्बन्धी नियम २०५० बमोजिम रकम खर्च गर्दा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्नेमा देहायका भुक्तानीमा उल्लेखित व्यवस्था बमोजिम प्रमाण कागजात नभएकोले खर्चको पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गर्नुपर्दछ ।

६.१ एक इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.लाई मुल्य अभिवृद्धि कर सहित रु.६५ हजार भुक्तानी दिएकोमा मूल्य अभिवृद्धि कर विजक पेश नभएकोले कर समायोजन प्रमाण पेश गर्नुपर्दछ ।

६.२ स्मारकको घेरवार गर्ने प्रयोजनको लागि एक पदाधिकारीको पेस्की फछ्र्यौट गर्दा रु.३२ हजार सामान खरिद गरेकोमा स्टोर दाखिला नभएकोले दाखिला गर्नुपर्दछ ।

६.३ एक सप्लायर्स एण्ड प्रिन्टिग प्रेशलाई रु. ३ लाख ७५ हजार मूल्यअभिवृद्धि कर सहित भुक्तानी दिएकोमा आयकर ऐन २०५८ बमोजिम १.५ प्रतिशत अग्रिम कर कट्टा गरेको नदेखिदा रु.५ हजार असुल  गर्नुपर्दछ ।

७. **आय तर्फ** : भोजपुर बहुमुखी क्याम्पस भोजपुरको स्वर्ण महोत्सव २०७२ को सहयोग रसिद छपाई गरी १२ वटा प्याडबाट रु.४ लाख ०२ हजार उठेको स्वर्ण महोत्सव २०७२ को आम्दानी विवरणमा उल्लेख छ । उक्त रकम मध्ये रु.१ लाख ४१ हजार गोश्वरा भौचर १९० मिति २०७२।२।१७ मा नेपाल वैंक लिमिटेड र राष्ट्रिय वाणिज्य वैंकमा रहेको क्याम्पसको खातामा क्रमशः रु.१ लाख ३७ हजार र रु.४ हजार दाखिला भएको छ । तर वांकी रकम रु.२ लाख ६१ हजार दाखिला नभएको र रसिद नम्बर ८५१ देखि ८७५ सम्मको रसिद प्याड समेत लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले उक्त प्याडबाट रकम असुल भए नभएको समेत यकिन गर्न नसकिएकोले दाखिला गर्न वांकी रकम र प्याडको सम्बन्धमा छानविन गरी रकम असुल गर्नुपर्दछ ।

## सिचाई विकास डिभिजन

१. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२(२) विपरित आर्थिक वर्षको अन्त्यमा ३ कार्यक्रमको रु.१९ लाख ८६ हजार आषाढ महिनामा अख्तियारी पठाएको पाइयो । समयमै अख्तियारी दिई कार्यक्रम संचालन गर्नुपर्दछ ।

२. **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) मा बजेटमा निर्धारित गरिएको रकम निकासा लिई नियमानुसार खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कुल पुजिगत खर्च रु.२ करोड ८३ लाख (६८.११ प्रतिशत) तेश्रो चौमासिकमा खर्च गरेकोमा तेश्रो चौमासिकको खर्च मध्ये आषाढ महिनामा मात्र रु. १ करोड ७८ लाख (६२.८२ प्रतिशत) खर्च भएकोले चौमासिक कार्यक्रम बमोजिम समयमै समानुपातिक किसिमले खर्च गर्नुपर्दछ। उपर्युक्त व्यहोराका सम्बन्धमा बजेट निकासा तथा सम्झौता समयमै नहुदा कार्य सम्पन्न हुन नसकेको व्यहोरा कार्यालयले जनाएको छ।

३. **आन्तरिक नियन्त्रण प्रणाली :** प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थामा भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। जिन्सी खातामा आम्दानी गर्दा पूर्णरुपमा स्पेसिफिकेशन खुलाउने नगरेको, एवं पुराना सामानहरुको मूल्य आंशिक मात्र नखुलाएको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औल्याएका व्यहोरा माथि कारवाही नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका व्यहोराहरु कार्यान्वयन नगरेको जस्ता व्यहोराहरु देखिएका छन्। ऐन नियममा तोकिएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

४. **कन्टिन्जेन्सी खर्च :** प्राप्त विवरण अनुसार कार्यालयले चालुवर्ष रु.४ करोड २१ लाख पुजिगत खर्च गरेकोमा कन्टिन्जेन्सी वापत ४.२५ प्रतिशत अर्थात रु.१७ लाख ९४ हजार खर्च गरेको देखिएकोमा थप व्यहोरा निम्नानुसार छन्:

- कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन। उक्त अनुसूची १ मा वर्क चार्ज खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ। वर्क चार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय गरेको देखिएन। कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीतितय हुनुपर्दछ।

- कन्टिन्जेन्सी खर्चको योजनागत निर्माण कार्यको लागत अनुमान यस वर्षको योजनागत कन्टिन्जेन्सी खर्चको उपशीर्षकगत विवरण राखेको पाइएतापनि विगत वर्षहरुको अभिलेख भरपर्दो देखिएन। यसले गर्दा कुनै खास योजनाको लागत अनुमानको तुलनामा विगतवर्षहरु र हालसम्म के कति कन्टिन्जेन्सी खर्च भयो विश्लेषण गर्न नसकिएकोले कन्टिन्जेन्सि खर्चको शिर्षकगत र योजनागत अभिलेख अध्यावधिक गर्नुपर्ने देखिएको छ।

- अर्थ मन्त्रालयको च.नं ९६२ मिति २०७०।१।२४ पत्र अनुसार कार्यालयहरुको लागि सार्वजनिक निर्माण शिर्षकमा विनियोजीत वजेट खर्च गर्ने शिलसिलामा निर्माण कार्यको लागत गणना गर्दा समावेश गरिने ५ प्रतिसत कन्टिन्जेन्सी वापतको रकम मध्येवाट २ प्रतिसत रकम आवश्यकता अनुसार फर्निचर सवारी साधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण जस्ता पूँजि निर्माण तथा सम्पत्ति खरीद सम्वन्धि शिर्षकहरुमा अर्थ मन्त्रालयको सैद्धान्तिक सहमती लिई अनिवार्य रुपमा खर्च गर्ने मिति २०७०।१।१५ मा मन्त्रीस्तरीय निर्णय भएकोले सोही अनुसार कार्यन्वयन गर्नुगराउन हुने व्यहोरा उल्लेख छ। कार्यालयवाट कन्टिन्जेन्सी शिर्षकवाट यस वर्ष रु.१७ लाख ९४ हजार खर्च लेखेकोमा कुल खर्चको २ प्रतिसत रकम रु.७ लाख १७ हजार पुजिगत खर्च गर्नुपर्नेमा चालु खर्च गरेको छ। चालु वर्षदेखि अनिवार्य रुपमा नियमानुसार पूजिगत खर्च गरिने व्यहोरा कार्यालयले जनाएको छ।

५. **नियम बिपरित सम्झौता** : सार्वजानिक खरिद नियामवली २०६४ को नियम ९७ मा ६० लाख रुपैया सम्म लागत अनुमान भएको निर्मण कार्य उपभोक्ता समितिबाट गराउन सकिनेमा एक सिचाइ जल उपभोक्ता समितिसंग रु.६९ लाख २८ हजार मा नहर निर्माणको माटो कटान गर्ने कार्यका लागि सम्झौता गरी रु.४८ लाख १४ हजार भुक्तानी भएको छ। उक्त समितिसंग भएको संभ्कौताको सि.नं.६ मा एक आर्थिक वर्षबाट अर्को आर्थिक वर्षमा म्याद जाने गरी म्याद थप गरिने छैन भनी उल्लेख गरेकोमा आर्थिक वर्षको अन्तसम्म कार्यसम्पन्न भएको छैन । नियम विपरित सम्झौता गर्नेलाई जिम्मेवार बनाई कार्यसम्पन्न हुनुपर्दछ ।

६. **त्रुटीपूर्ण योजना छनौट** : आ.व. २०६९।७० को स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएको एक योजनाको लागि हेडवर्क्स, नहर निर्माण र त्यसको संरचना निर्माण गर्नको लागि एक निर्माण सेवा प्रा.लि.को रु.२ करोड ०३ लाख ४१ हजारको वोलपत्र स्वीकृत भै २०७१।६।२७ सम्ममा कार्यसम्पन्न गर्ने गरी २०७०।३।२८ मा कार्यदेश दिएको पाइयो । सिचाई योजनाको शुरुको डिजाइन डकुमेन्टमा पाइप राख्ने भनेकोमा शुरुको ५०० मी. आरसीसी लाइनिग गर्नुपर्ने भनि क्षेत्रीय निर्देशनालय मार्फत रु.१९ लाख ९५ हजार (९.८१) प्रतिशत थप गरी रु.२ करोड २३ लाख ३९ हजारमा योजना निर्माण पुरा गरी पानी संचालन गर्ने जवाफदेहीता तोकी स्वीकृत भएकोमा योजनागत खाता अनुसार उक्त योजनामा रु.२ करोड १६ लाख ६९ हजार भुक्तानी भएको छ । २०७२।१२।१५ मा डिभिजन इन्जिनियर सहितको टोलीबाट फिल्ड निरीक्षण गर्दा भेरियशन अर्डर स्वीकृत हुंदा भुक्तानी भैसकेको ग्यावियन प्रोटेक्शनको परिमाण कटौती गरेको तर प्रोटेक्शनको कार्यविना नहर निर्माण गर्न नसकिने देखिएको कारण भेरिएशनमा त्रुटी भएको तथा भौगोलिक विकटता तथा स्वीकृत एप्राइजलमा एकिन गरिएको कार्यको परीणाम यथार्थतासंग मेल नखाएकोले रिएप्राइजल स्वीकृत नभएमा योजनामा थप लगानी गर्नुको औचित्य नदेखिदा योजनानै कार्यक्रमबाट हटाउनुपर्ने फिल्ड प्रतिवेदन पेश गरेको छ । नहर निर्माण कार्य तर्फ ८.२३ किलो मिटर बनाउनुपर्नेमा म्याद थप अवधि २०७२।२।२६ सम्ममा समयावधिमा निर्माण कार्यमध्ये आरसीसी लाइनिङ्गको कार्य ८.२६ मिटर मात्र भई लक्ष्यको १ प्रतिशतको हाराहारीमा काम सम्पन्न भएको प्रगति प्रतिवेदनमा उल्लेख गरेको छ । उक्त योजनाको म्याद थपको लागि विभागमा अनुरोध गरिएकोमा २०७२।१२।४ मा फाइल फिर्ता भएको छ। भेरिएशनमा त्रुटी भएको तथा भौगोलिक विकटताको कारण तथा स्वीकृत एप्राइजलमा एकिन गरिएको कार्यको परीमाणमा यथार्थतासंग मेल नखाएको सम्बन्धमा छानविन गरी समयमा योजना सम्पन्न गर्नुपर्दछ ।

७. **पेस्की वांकी** :आर्थिक प्रशासन कार्यविधि नियमावली २०६४ बमोजिम दिएको मोविलाइजेशन पेस्की रु.२६ लाख २० हजार आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गनुपर्दछ । उपयुक्त सम्बन्धमा नियमानुसार क्रमशः फछ्र्यौट गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

८. **खर्च अनुमोदन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र सिचाई बिभागको उपभोक्ता संस्था मार्फत कार्य संचालन गर्ने गराउने कार्यबिधी अनुसार उपभोक्ता समितिले खर्च प्रमाणित गर्ने बिल, भपाई तथा अन्य कागजात संस्थाको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले उपलब्ध गराएको विवरण अनुसार १२ उपभोक्ता समितिलाई रु.८७ लाख भुक्तानी दिएकोमा उपभोक्ता समितिसंग नियमानुसार प्रस्ताव माग गर्ने र खर्च रकम उपभोक्ता समितिको बैठ्कबाट अनुमोदन गराई सार्वजनिक गरी पेश गरेको नदेखिएकोले एकातिर नियमको कार्यान्वयन भएको छैन भने अर्कोतिर पारदर्शितामा संकुचन आउने देखिएकोले खर्च रकम सार्वजनिक गर्नुपर्दछ । सुझाव अनुसार अद्यावधिक गर्ने प्रयास गरीने कार्यालयको भनाई रहेको छ ।

९. **पाइप** : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ६ मा सरकारी सम्पत्तीको जिम्मा त्यसको लगत र संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुनेमा खरिद गरिएको पाइप मध्ये रु.६ लाख ६७ हजार मूल्य बराबरको पाइपहरु कृषक समूहहरुको नाममा खर्च लेखेकोमा उक्त पाइपहरु के कस्तो अवस्थामा छन त्यसको प्रयोगको विवरण नखुलेकोले तोकिएको काममा प्रयोग भएको प्रमाण पेश गर्नुपर्दछ । पाइपहरु समितिको जिम्मामा रहेकोले सम्झौता अनुसार प्रयोग गरी कार्य सम्पन्न प्रतिवेदन पेश गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

१०. **बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार विल भरपाई संलग्न राखी भुक्तानी दिनुपर्नेमा वैशाख देखि आषाढ महिनाको तलव भुक्तानी गर्दा विल भरपाई विना रु.३९ हजार बढी भुक्तानी दिएकोले उक्त रकम जिम्मेवार पदाधिकारीबाट असुल गर्नुपर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **सावा व्याज** : सम्झौता अनुसार विभिन्न ४ समूहसंग ऋण सम्झौता गरेकोमा सम्झौता अवधि भित्र व्याज र सांवा रकम असुल नभएकोले सम्झौता अनुसार रु.१ लाख ३८ हजार व्याज तथा सावां असुल गर्नुपर्दछ ।

## शैक्षिक तालिम केन्द्र

१. **आन्तरिक नियन्त्रण प्रणाली** : प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । वर्षिक खरिद योजना नबनाएको, जिन्सी खातामा आम्दानी गर्दा पूर्णरुपमा स्पेसिफिकेशन खुलाउने नगरेको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राख्नुपर्नेमा केहीको मात्र खुलेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको भएता पनि प्रतिवेदनले औंल्याएका व्यहोरा माथि कारवाही नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रमगत खाता र बजेट सिटको प्रयोग नभएको जस्ता व्यहोराहरु देखिएका छन् । ऐन नियममा तोकिएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ । सुझाव अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने कार्यालयले जनाएको छ ।

२. **विद्यालय क्षेत्र सुधार** : आधारभूत तह कक्षा ६ देखि ८ का ५० जना नेपाली विषयका शिक्षकहरुलाई पेशागत विकास तालिम दिने गरी कार्यक्रम स्वीकृत भएकोमा २ वटा मोडुल पुरा गरेका १० जना भन्दा बढी नभएकोले पुनः ३२ जनालाई मिति २०७३।१।२६ देखि ३० गतेसम्म जेनेरिक तालिम दिएको पाइयो । त्यसै गरी शिक्षकको पेशागत विकास मा.वि.तह जेनेरीक तालिम ६० जनालाई दिनेगरी कार्यक्रम स्वीकृत गरेकोमा कार्यक्रम भन्दा फरक ढंगले कोर विषयलाई आधार मानी दुई समुहमा १३ र ३३ गरी ४६ जनालाई २०७३।३।८ देखि १२ गतेसम्म माध्यमिक, निम्न माध्यामिक तह र जेनेरिक तालिम दिएको छ । उल्लेखित मोडुल संचालन गर्ने स्वीकृत कार्यक्रम र मापदण्ड समेत पेश नभएकोले खर्च भएको रु.२ लाख ६२ हजार नियमसम्मत देखिएन ।

३. **प्रमाण** : एक इन्जिनियरलाई विल भरपाई विना कार्यालयमा भएको पुनर्निर्माण वापतको कन्टिन्जेन्सी रकम रु.१० हजार भुक्तानी दिएकोले खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

४. **पेस्की अभिलेख र फछ्र्यौट** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ मा पेस्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ । जसअनुसार तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नुगराउनु पेस्की दिने लिने दुई थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले पेस्की फछ्र्यौट गर्दा वैंक नगदी कितावमा प्रविष्टी गरेको नदेखिदा नियमानुसार पेस्की लेजर तथा पेस्की

अभिलेख तयार गर्नुपर्दछ। उदाहरणको लागि भौ.नं.४ बाट एक पदाधिकारीलाई पुस्तक खरिद तथा टिपिडी तालिमको लागि रु.१ लाख ८७ हजार पेस्की दिएकोमा भौ.नं. ९ र १० बाट क्रमशः रु.६५ हजार र ६६ हजार गरी रु.१ लाख ३१ हजार फछ्र्योट गरी रु.५६ हजार वांकी रहेकोमा कार्यालयको अभिलेखमा निजको नाममा पेस्की रहेको देखिएन। आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम अन्य पदाधिकारीहरुको नाममा दिएको पेस्की र अद्यावधिक अभिलेख राखी वांकी रहेको रु.५६ हजार पेस्की कायम गरी फछ्र्यौट गर्नुपर्दछ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ३६ कार्यालय मध्ये ३२ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २२ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २८ मध्ये निम्न ६ कार्यालयको रु.३ करोड ६० लाख ९४ हजार बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

(रु हजारमा)

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | कोष तथा लेखा नियन्त्रक कार्यालय | – | मोविलाइजेशन पेस्की | ६०० |
| २ | जिल्ला प्राविधीक कार्यालय | ३६५८४२४<br>३६५८४१४<br>३४९१०२४ | मोविलाइजेशन पेस्की | २५९९२ |
| ३ | पशु सेवा कार्यालय | विभिन्न | • मू.अ.कर दर्ता भएकोसंग खरिद नगरेको र अग्रिम कर कट्टा नगरेको,<br>• मू.अ.करको जानकारी आ.रा.का.लाई नदिएको र लगवुक नराखेको | सैद्धान्तिक |
| ४ | जिल्ला तथ्यांक कार्यालय | विभिन्न | • ट्याक्सी खर्च बढी लिएको<br>• दोहोरो सवारी प्रयोग गरेको | १०<br>१४ |
| ५ | सुम्निमा पोलिटेक्निकल | समिति | • कार्यसम्पन्न पेश नभएको<br>• निकासा नियमित नदेखिएको<br>• जिम्मेवारी सार्नु पर्ने<br>• केन्द्रीय कोषमा दाखिला गर्नुपर्ने | १०<br>३८<br>३५२२<br>५८३५ |
| ६ | जिल्ला अस्पताल विकास समिति | समिति | • पेस्की बाँकी | ७३ |
| | | | **जम्मा** | ३६०९४ |

**(बिन्दु बिष्ट)**
**नायव महालेखा परीक्षक**

## लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु.लाखमा)

| सि.नं. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | ० | ० | ० | १०९२४ | १०९२४ |
| २ | जिल्ला स्वास्थ्य कार्यालय | १३९६ | ७ | ७ | १०६ | १५१६ |
| ३ | जिल्ला शिक्षा कार्यालय | ८८०५ | ६१ | ० | ४ | ८८७० |
| ४ | मालपोत कार्यालय | ७३ | ७७ | ४ | २१६ | ३७० |
| ५ | भोजपुर बहुमुखी क्याम्पस | ० | ० | ० | २२४ | २२४ |
| ६ | सिचाई विकास डिभिजन | ४६८ | ० | ७६ | ० | ५४४ |
| ७ | स्थानीय विकास कोषको सचिवलाय | ० | ० | ० | ८० | ८० |
| ८ | शैक्षिक तालिम केन्द्र | ८० | ० | ० | ० | ८० |
| | **जम्मा** | **१०८२२** | **१४५** | **८७** | **११५५४** | **२२६०८** |

**लेखापरीक्षण विधिः आन्तरिक लेखापरीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु.लाखमा)

| सि.नं. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|
| ९ | भोजपुर जिल्ला अदालत | ११९ | १६ | ४२ | ० | १७७ |
| १० | जिल्ला निर्वाचन कार्यालय | ३४ | ० | ० | ० | ३४ |
| ११ | जिल्ला सरकारी वकिल कार्यालय | ३५ | ० | ० | ० | ३५ |
| १२ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ५१ | ४१७ | ४ | १ | ४७३ |
| १३ | घरेलु तथा साना उद्योग विकास समिति | ५० | १४ | १७ | ० | ८१ |
| १४ | जिल्ला कृषि विकास कार्यालय | ४२२ | १ | १२ | १ | ४३६ |
| १५ | जिल्ला प्रशासन कार्यालय | २९३ | १७७ | ३० | ८२४ | १३२४ |
| १६ | जिल्ला प्रहरी कार्यालय | ९२७ | ७ | १९ | ५२ | १००५ |
| १७ | इ.प्रशासन कार्यालय दिंला | २८ | ० | ० | ० | २८ |
| १८ | इ. प्रहरी कार्यालय दिल्पा | १४९ | ० | ० | ० | १४९ |
| १९ | इ. प्रहरी कार्यालय दिंला | २७२ | ० | ० | ० | २७२ |
| २० | इ.प्रहरी कार्यालय वोयांग | १७६ | ० | ० | ० | १७६ |
| २१ | कारागार कार्यालय | ७५ | ० | ० | ० | ७५ |
| २२ | रा.अनुसन्धान कार्यालय | ४५ | १ | ० | ० | ४६ |
| २३ | सु.प्र.वल टक्सार गुल्म | ९५३ | ० | १५ | ० | ९६८ |
| २४ | नापी कार्यालय | ८६ | ६ | २ | २ | ९६ |
| २५ | खानेपानी तथा सरसफाइ कार्यालय | ७३६ | ० | २९ | ० | ७६५ |
| २६ | महिला तथा वाल वालिका कार्यालय | ११६ | ३ | ० | १० | १२९ |
| २७ | रणवम गण | १९५० | १ | ५८ | ० | २००९ |
| २८ | सुम्निमा पोलिटेक्निकल ईष्टिच्यूट | ० | ० | १० | २७८ | २८८ |
| २९ | जिल्ला वन कार्यालय | ३२४ | ३ | ९ | ७ | ३४३ |
| ३० | जिल्ला भू संरक्षण कार्यालय | १२८ | ० | ० | ० | १२८ |
| ३१ | जिल्ला पशु सेवा कार्यालय | ३२१ | १ | १ | ९ | ३३२ |
| ३२ | जिल्ला प्राविधिक कार्यालय | ९७ | २२१ | १५ | ० | ३३३ |
| ३३ | जिल्ला हुलाक कार्यालय | ४५६ | ९ | १ | ० | ४६६ |
| ३४ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ५७ | ० | १ | ० | ५८ |
| ३५ | जिल्ला अस्पताल विकास समिति | ० | ० | ० | १०२ | १०२ |
| ३६ | शाखा तथ्यांक कार्यालय | ३५ | ० | ० | १ | ३६ |
| | **जम्मा** | **७९३५** | **८७७** | **२६५** | **१२८७** | **१०३६४** |
| | **कूल जम्मा** | **१८७५७** | **१०२२** | **३५२** | **१२८४१** | **३२९७२** |

# बेरुजूको स्थिति

(रु हजारमा)

| क.स. | कार्यालयको नाम | सूरु बेरुजू | | समायोजनबाट मिलान | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | जिल्ला विकास समितिको कार्यालय | ३१ | १२११५ | ११ | ० | २० | ४३५ | ९२१३ | २४६७ | १२११५ | २६६१ | ० | २६६१ |
| २ | जिल्ला स्वास्थ्य कार्यालय | ३१ | ८७१९ | १४ | ० | १७ | १६७ | ८२३२ | ३२० | ८७१९ | १५ | ० | १५ |
| ३ | जिल्ला शिक्षा कार्यालय | १८ | ३९३५० | ७ | ० | ११ | ० | ३९३५० | ० | ३९३५० | ९९७ | ० | ९९७ |
| ४ | मालपोत कार्यालय | ९ | २४० | ५ | ० | ४ | २४० | ० | ० | २४० | ० | ० | ० |
| ५ | भोजपुर क्याम्पस | १० | १६४५६ | ३ | ० | ७ | २६६ | १६१९० | ० | १६४५६ | २ | ० | २ |
| ६ | सिचाई विकास डिभिजन | १५ | ८८५८ | ५ | ० | १० | ३८ | ६२०० | २६२० | ८८५८ | ५ | ० | ५ |
| ७ | स्थानीय विकास कोष सचिवालय | २ | १३९ | १ | ० | १ | १३९ | ० | ० | १२८ | ० | ० | ० |
| ८ | शैक्षिक तालिम केन्द्र | ८ | ३२८ | ४ | ० | ४ | १० | ३१८ | ० | ३२८ | ५ | ० | ५ |
| ९ | कोष तथा लेखा नियन्त्रक कार्यालय | १ | ६०० | ० | ० | १ | ० | ० | ६०० | ६०० | ० | ० | ० |
| १० | जिल्ला प्राविधिक कार्यालय | ३ | २५९९२ | ० | ० | ३ | ० | ० | २५९९२ | २५९९२ | ० | ० | ० |
| ११ | जिल्ला पशु सेवा कार्यालय | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | सुम्निमा पोलिटेक्निकल इन्ष्टिच्यूट | ४ | ९४०५ | ० | ० | ४ | ० | ९४०५ | ० | ९४०५ | ० | ० | ० |
| १३ | जिल्ला अस्पताल विकास समिति | १ | ७३ | ० | ० | १ | ० | ० | ७३ | ७३ | ० | ० | ० |
| १४ | जिल्ला तथ्याङ्क कार्यालय | २ | २४ | ० | ० | २ | २४ | ० | ० | २४ | ० | ० | ० |
| | **जम्मा** | **१३९** | **१२२२९९** | **५२** | **०** | **८७** | **१३१९** | **८८९०८** | **३२०७२** | **१२२२९९** | **३६८५** | **०** | **३६८५** |

**द्रष्टव्य :**
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

## जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय शिर्षक | यस वर्षको आम्दानी रु. | व्यय शिर्षक | यस वर्षको खर्च रु. |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | २९०२३४९६ | बिद्युत रोयल्टी | २२४५६५ |
| बिद्युत रोयल्टी | २२५००० | पर्यन पूर्वाधार विकास आयोजना | ८९४१३७७ |
| पर्यन पूर्वाधार विकास आयोजना | ९५००००० | पर्यन पूर्वाधार विकास आयोजना | २९९८११६ |
| पर्यन पूर्वाधार विकास आयोजना | ३०००००० | संस्कृति प्रवर्द्धन | ७७१९८२९ |
| संस्कृति प्रवर्द्धन | ८२००००० | स्थानीय शान्ति समिति | ५६६८०० |
| स्थानीय शान्ति समिति | ६७५८०० | गरिवी घरपरिवार पहिचाहन तथा परिचय पत्र वितरण कार्यक्रम | १२१२०१२ |
| गरिवी घरपरिवार पहिचाहन तथा परिचय पत्र वितरण कार्यक्रम | १७४८९५० | गरिव घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम | १९८८८ |
| गरिव घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम | २०००० | जेष्ठनागरिक, अशक्त अपांग, लोपुन्मुख जाति तथा एकल महिला सुरक्षा | १४१४३९१०० |
| जेष्ठनागरिक, अशक्त अपांग, लोपुन्मुख जाति तथा एकल महिला सुरक्षा | १४६३६९०४० | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | २९७६९५ |
| बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ३००००० | स्थानीय निकाय वित्तिय आयोग | ४६०९०० |
| स्थानीय निकाय वित्तिय आयोग | ४६०९०० | उपेक्षत, उत्पिडित र दलित वर्ग उत्थान विकास समिति | २७५००० |
| उपेक्षत, उत्पिडित र दलित वर्ग उत्थान विकास समिति | २७५००० | जिल्ला विकास समिति अनुदान | ४९३५१६२८ |
| जिल्ला विकास समिति अनुदान | ५०६०३५७५ | गाउं विकास समिति अनुदान | १२३१६३००० |
| गाउं विकास समिति अनुदान | १२३१६५००० | ग्रामिण खानेपानी तथा सरसफाइ कार्यक्रम | २६३२८९१ |
| ग्रामिण खानेपानी तथा सरसफाइ कार्यक्रम | ३४०२००० | ग्रामिण खानेपानी तथा सरसफाइ कार्यक्रम | ५६९३९८९ |
| ग्रामिण खानेपानी तथा सरसफाइ कार्यक्रम | ६०००००० | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १७२०७३५९ |
| स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १८४००००० | स्थानीयपुल क्षेत्रगत कार्यक्रम | १७३७९१४४ |
| स्थानीयपुल क्षेत्रगत कार्यक्रम | १७३८९००० | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | १९७६९६५५ |
| स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | २२२८१००० | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार कार्यक्रम | १९६६००३३ |
| स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार कार्यक्रम | २७५००००० | साना सिचाई नदी नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रम | १४४८२१०४ |
| साना सिचाई नदी नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रम | १४७००००० | गरिवसंग विश्वेश्वर कार्यक्रम | १८३५००० |
| गरिवसंग विश्वेश्वर कार्यक्रम | १८३५००० | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३८५९२५३१ |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | ४२००००० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोडने सडक | ९१७७७५८ |
| आर्थिक केन्द्र तथा दुई जिल्ला जोडने सडक | ९७४०००० | राष्ट्रिय विकास स्वयंसेवक | १०३८०० |
| राष्ट्रिय विकास स्वयंसेवक | १५७२०० | संचित विदा अर्थ बजेट | ३५४९८५ |
| संचित विदा अर्थ बजेट | ३५४९८५ | औषधी उपचार अर्थ बजेट | ४५४९१४ |
| औषधी उपचार अर्थ बजेट | ४५४९१४ | जिल्ला उर्जा कोष | २९३५१३६ |
| जिल्ला उर्जा कोष | १६३४९६२ | जिल्ला उर्जा कोष | १४३७९९४ |
| जिल्ला उर्जा कोष | २७३८१६५ | यो वर्षको विभिन्न कोषको खर्च आन्तरिक कोष समेत | ३३४७१६४१ |
| यो वर्षको विभिन्न कोषको आम्दानी आन्तरिक कोष समेत | ३३१५१९४४ | को ले.नि.का फिर्ता | २२७०१३६१ |
| अन्य | १६७७६ | निकासा प्राप्त नभई फ्रिज | २०४१९४५ |
| | | यस वर्षको वांकी मौज्दात | २८७२०५५७ |
| **कूल जम्मा** | **५७५३२२७०७** | **कूल जम्मा** | **५७५३२२७०७** |

## जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला विकास समिति | श्री भानुभक्त न्यौपाने | श्री प्रतित भण्डारी |
| २ | जिल्ला स्वास्थ्य कार्यालय | श्री डा.नवलकिशोर झा | श्री शिवहरी खतिवडा |
| ३ | जिल्ला शिक्षा कार्यालय | श्री सिताराम श्रेष्ठ | श्री सुरेन्द्र प्रसाद श्रेष्ठ |
| ४ | मालपोत कार्यालय | श्री देवी प्रसाद भट्टराई | श्री लक्ष्मी वहादुर रामदाम |
| ५ | भोजपुर बहुमुखी क्याम्पस | श्री हेमन्त राई | श्री भीम प्रसाद राई |
| ६ | सिचाई विकास डिभिजन | श्री विजय कुमार रेग्मी | श्री बसन्तकुमार प्रधानांग |
| ७ | स्थानीय विकास कोषको सचिवलाय | श्री धनकुमार राई | श्री देवी प्रसाद तिवारी |
| ८ | शैक्षिक तालिम केन्द्र | श्री जयराम अधिकारी | श्री हिन्दु कुमारी ओझा |
| ९ | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री इश्वरी प्रसाद देवकोटा | श्री कृपराज जोशी |
| १० | जिल्ला प्राविधिक कार्यालय | श्री लाल गिरी | श्री राम वहादुर दाहाल |
| ११ | जिल्ला पशु सेवा कार्यालय | श्री राजेन्द्र प्रसाद शाह | श्री रेवती प्रसाद कट्टेल |
| १२ | सुम्निमा पोलिटेक्निकल इन्स्टिच्यूट | श्री पशुराम राई | श्री उमेश भुजेल |
| १३ | जिल्ला अस्पताल विकास समिति | श्री डा.नवलकिशोर झा | श्री शिवहरी खतिवडा |
| १४ | जिल्ला तथ्यांक कार्यालय | श्री टुक प्रसाद पोखरेल | श्री गोपाल प्रसाद धिमाल |

977-1-4258172, 4255707

info@oag.gov.np

Kathmandu, Nepal

977-1-4268309, 4262798

13328

www.oagnep.gov.np